आज मिति २०७८।०३।०८ गतेका दिन यस मत्वाङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिती :-

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष गा.पा.)

उपाध्यक्ष :- श्री होम बहादुर वि.क. (उपाध्यक्ष ,, )

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा नं. १ ,, ,, )

वडा अध्यक्ष :- श्री चोल बहादुर गुरुङ (वडा नं. २ ,, )

वडा अध्यक्ष :- श्री प्रेम बहादुर बस्नेत (वडा नं. ३ ,, )

वडा अध्यक्ष :- श्री प्रमा गुरुङ (वडा नं. ४ ,, )

वडा अध्यक्ष श्री तिलमान गुरुङ (वडा नं. ५ ,, )

वडा अध्यक्ष :- श्री लिला प्रसाद घले (वडा नं. ६ ,, )

वडा अध्यक्ष :- श्री पुर्वा घले (वडा नं. ७ ,, )

वडा अध्यक्ष :- श्री हिम देवी घले (वडा नं. ८ ,, )

वडा अध्यक्ष :- श्री नारायण बहादुर थापा (वडा नं. ९)

कार्यपालिका सदस्य :- श्री करण बहादुर वि.क.

कार्यपालिका सदस्य :- श्री पारकाजी गुरुङ

कार्यपालिका सदस्य :- श्री अनिता वि.क.

कार्यपालिका सदस्य :- श्री डिल माया थापा

कार्यपालिका सदस्य :- श्री चितरी तामाङ

प्रमुख प्रशासकीय अधिकृत :- प्रेमचन्द्र अर्याल

अन्य उपस्थिती :-

श्री अर्जुन थापा (प्रशासन अधिकृत)

श्री सुजन परियार (लेखापाल)

मर्स्याङ्दी गाउँ कार्यापालिकाको ९० औं बैठकका निर्णयहरु : ११ पुस २०७८

१. आर्थिक वर्ष २०७८/०७९को दोस्रो गाउँसभा मिति २०७८ पुस २८ गते बुधबार गर्ने निर्णय गरियो ।

२. मर्स्याङ्दी गाउँपालिका प्रधामन्त्री रोजगार कार्यक्रम रोजगार सेवा केन्द्र, युवा रुपान्तरणका लागि पहल आयोजनाको प्राविधिक सहायक पद रिक्त रहेकोले सो रिक्त पद पदपूर्ति गर्ने सम्बन्धमा छलफल गर्दा, प्रधामन्त्री रोजगार कार्याक्रमको यस आ.व. २०७८।०७९ को सबै वडाहरुबाट वडागत योजनाहरु छनोट सम्पन्न गरी स्टिमेटको चरणमा रहेकोले र वेरोजगारहरुको १०० कार्यदिन पुर्याउनु पर्ने विषयलाई ध्यानमा राखि रिक्त प्राबिधिक सहायकको पदपूर्ति छिटो गर्नु पर्ने भएकोले एक हप्ता समय अवधिको सूचना विज्ञापन गाउँपालिकाको सूचना पार्टी, वेभसाईट र फेसबुक पेजका साथै रोजगार सेवा केन्द्रको सूचना पार्टी र फेसबुक पेजबाट सूचना विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

३. प्रधानमन्त्री रोजगार कर्यक्रम रोजगार सेवा केन्द्रको मोटर साईकल खरीद सम्बन्धमा छलफल गर्दा आ. व. २०७८।०७९ को रोजगार सेवा केन्द्रको कार्यालय सुदृढिकरण अन्तरगतको खर्च शिर्षक ३११२२ (नेपाल सरकार– शसर्त अनुदान पुंजीगत) तर्फको रकम रु. २ लाख रहेको र सो रकमबाट अपुग हुने रकम यस गाउँपालिकाले ब्यहोर्ने गरी रोजगार सेवा केन्द्रको लागि उपरोक्त शिर्षकबाट एक थान मोटर साईकल खरिद गर्ने निर्णय गरियो र उपरोक्त शिर्षकबाट खर्च गर्नका लागि श्रम, रोजगार तथा सामजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमलाई खर्च स्विकृति तथा अनुमतिका लागि पत्र लेखि पठाउने निर्णय गरियो ।

४. नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिहंदरबार काठमाण्डौमा समपुरक तथा विशेष अनुदानको लागि निम्न योजनाहरु पठाउने निर्णय गरियो।

❖ **समपुरक अनुदानः**

**पूर्वाधार क्षेत्रः**

- खुदी - रोप्लेफाँट - घनपोखरा - नायु सडक
- खुदी - सिउरुंङ - स्याङ्गे सडक
- बाहुनडांडा-घेर्मु सडक
- खुदी - पाम्चोक - भलामचौर - घलेगांउ सडक

❖ **विशेष अनुदानः**

- खुदी खोला तटबन्ध
- भुलभुले बजार संरक्षण तटबन्ध

५. यस दोस्रो गाउँसभामा मर्स्याङ्दी गाउँपालिकामा जन्मनु भई विभिन्न विधामा स्थापित व्यक्तिहरुलाई सम्मान गर्ने निर्णय गरियो । साथै सोको विवरण सिफारिस गर्न निम्नानुसारको उप-समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक, यूवा घले, वडा अध्यक्ष, मर्स्याङ्दी -७

२. सदस्य प्रेम ब. बस्नेत, वडा अध्यक्ष, मर्स्याङ्दी -३

३. सदस्य, लिला प्रसाद घले, वडा अध्यक्ष, मर्स्याङ्दी -६

४. सदस्य, हिरादेवी घले, वडा अध्यक्ष, मर्स्याङ्दी -८

५. सदस्य, कृष्ण बि.क., कार्यपालिका सदस्य

६. शिक्षा तर्फको शर्सत अनुदानको विद्यालयको भौत्तिक पूर्वाधार निर्माण अनुदान र विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानमा प्राप्त बजेटलाई निम्नानुसार विनियोजन गर्ने निर्णय गरियो।

- विज्ञान प्रयोगशाला रु ६,५००००। प्रभातशान्तिपूर्ण माध्यमिक विद्यालय मर्स्याङ्दी ८ वडागाउँ
- पुस्ताकालय रु ६,५००००। अमर माध्यमिक विद्यालय मर्स्याङ्दी ३ खुदी
- शिक्षण सिकाइमा आई सि टी को प्रयोग रु ६,५००००। त्रिभुवन मा. वि मर्स्याङ्दी २ घनपोखरा

१) उत्कृष्ट सिकाइ उपलब्धी भएको माध्यमिक विद्यालय रु २,००००० त्रिभुवन मा. वि मर्स्याङ्दी २ घनपोखरा

२ ) शिक्षकले कक्षाकोठामा बिताउने समय वापत प्रति विद्यालय रु २००० का दरले रु १,१००००।

३) माध्यमिक तह कक्षा ९-१० मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान रु ८,६४०००

प्रेम मिलन मा वि र ग्रामकल्याण मा. वि (३५९९० *१२ महिनाको तलव )

४) आधारभूत तह कक्षा ६-८ मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान रु १६,९२०००

(२८२००*१२ महिनाको तलव )

क) सरस्वती विद्यामन्दिर रामकुमारी आ. वि मर्स्याङ्दी ४

ख) जटेश्वर आ. वि मर्स्याङदी ६

ग) सरस्वती सदन आ. वि मर्स्याङ्दी ९

घ) लताकुञ्ज आ. वि मर्स्याङ्दी ३

ङ) अरण्य ज्योति आ. वि मर्स्याङ्दी ९

७. निम्न मिति र स्थानहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

- मिति : २०७८ माघ ७ गते शुक्रबार स्थान : भुलभुले सभाहल
- मिति : २०७८ माघ १४ गते शुक्रबार स्थान : मर्स्याङ्दी -५, घेर्मु

८. फुटबल खेल बिकास गर्ने उद्धेश्यका साथ निम्न मिति र स्थानमा वडा स्तरिय अन्डर १९ फुटबल प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।

- प्रस्तावित मिति : २०७८ माघ २७ देखि
- स्थान : केक्याम खेल मैदान, घनपोखरा

मिति २०७८ मङ्सिर २३ गते गणेश मा.वि, मर्स्याङ्दी -९, सिम्पानीको शैक्षिक भ्रमण जाने क्रममा दुर्घटनामा परेका निम्न घाईतेहरुलाई उपचार खर्च तथा मृतकहरुलाई किरिया खर्च बापत विपद व्यवस्थापन कोषबाट निम्नानुसार आथिक सहायता गर्ने निर्णय गरियो ।

मृतकहरु : (किरिया खर्च बापन जनही रु.२५,०००।-)

१. प्रमिशा गुरुङ, मर्स्याङ्दी -९- अभिभावक पदम बहादुर गुरुङ(बुवा) रु. २५,०००।-

२. गणेश भण्डारी, मर्स्याङ्दी-९, अभिभावक देब बहादुर भण्डारी रु. २५,०००।-

३. कमल थापा, मगरबाङगंगा-८, बालपुर, कपिलबस्तु शान्ता रजाली (श्रीमति) रु. २५,०००।-

घाईतेहरु : (गम्भिर घाईतेहरुलाई जनही १ लाख र त्यस भन्दा कम घाईतहरुलाई जनही रु.५० हजारका दरले उपलब्ध गराउने निर्णय बमोजिम)

१. बिबेक बि.क., क्होलासोंथर-३, उछा - रु.१,००,०००।-

२. बिरेन्द्र थापा, मर्स्याङ्दी-९, सिम्पानी, लमजुङ - रु.१,००,०००।-

३. सुप्रिया बास्तोला, मर्स्याङ्दी-९, सिम्पानी, लमजुङ - रु.१,००,०००।-

४. नम्रता रावल, मर्स्याङ्दी-९, सिम्पानी, लमजुङ - रु.५०,०००।-

५. संजीता मिजार, मर्स्याङ्दी-९, भलामचौर, लमजुङ - रु.५०,०००।-

६. शिब घिमिरे, मर्स्याङ्दी-९, भलाम, लमजुङ - रु.५०,०००।-

१०. बेसिशहर स्थित मर्स्याङ्दी बहुमुखी क्याम्पसमा यस गाउँपालिकाको समेत बिद्यार्थी अध्ययनरत रहको र त्यस क्याम्पसको माग निवेदन समेत रहेकोले कार्यक्रम खर्च (२२५२२) को शिक्षा तर्फ विनियोजित शिर्षकबाट मर्स्याङ्दी क्याम्पसलाई फर्निचर खरिदको निम्ति रु.३ लाख सहयोग गर्ने निर्णय गरियो ।

११. निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- सामुदायिक रेडियो मर्स्याङ्दी, बेसिशहरलाई फर्निचर खरिदका निम्ति रु.६७,८००।-
- प्रहरी चौकी, खुदी मोटरसाईकल मर्मत रु.१२,०००।-

१२) विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- लिस्नो साहित्यिक मञ्च, लमजुङ रु.५०,०००।-
- युनाईटेड विच यूथ क्लव, मर्स्याङ्दी -२ रु.५०,०००।-
- लमजुङ फोटोग्राफर संघ रु.१०,०००।-
- त्रिवेणी यूवा क्लव, बेसिशहर, रु.१,००,०००।-
- जिल्ला खेलकुद बिकास समिति, लमजुङ रु.३०,०००।-

१३) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको विपद् व्यवस्थापन कोषबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- स्याङ्गे - घेर्मु अस्थायी मोटरेबल पुल निर्माण रु. १,००,०००।-
- ले काशी गुरुङ, मर्स्याङ्दी -२ रु.१०,०००।- (चट्याङले घाईते उपचार खर्च)
- टेक बहादुर तामाङ, मर्स्याङ्दी -८ रु. १५,०००।- (बाढी पहिरो)
- बिकास गुरुङ, मर्स्याङ्दी -८ रु. १५,०००।- (बाढी पहिरो)

१४) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- कृष्ण भण्डारी, मर्स्याङ्दी -७ रु.६,०००।- (सुत्केरीको यातायात खर्च)
- सरोज बि.क., मर्स्याङ्दी -८, रु.१५,०००।-
- बुद्धिमाया कामी, मर्स्याङ्दी -२ रु. १५,०००।- (विपन्न जिर्ण घर छाउन सहयोग)
- प्रेम बहादुर गुरुङ, मर्स्याङ्दी -२ रु. १०,०००।- (मुटुरोगी विपन्न)
- सोम बहादुर बि.कक, मर्स्याङ्दी -२ रु. १०,०००।- (विपन्न उपचार खर्च)
- मोहन बहादुर कामी, मर्स्याङ्दी -२ रु. ५,०००।- (विपन्न आर्थीक सहयोग)
- भिम बहादुर बि.क, मर्स्याङ्दी -५ रु. १०,०००।- (विपन्न उपचारको आर्थीक सहयोग)
- चन्द्रकला अधिकारी, मर्स्याङ्दी -६ रु. १०,०००।- (विपन्न उपचारको आर्थिक सहयोग)
- मनिष गुरुङ, मर्स्याङ्दी -७, रु. २०,०००।- (विपन्न उपचारको लागि आर्थिक सहयोग)
- कन्या कुमारी गुरुङ, मर्स्याङ्दी -७ रु. १०,०००।- (विपन्न उपचारको लागि आर्थिक सहयोग)

१५) तमु ह्युल छोंज धीं, बेसिशहर ईकाई, लमजङलाई रु.५०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१६) लोकसेवा आयोग केन्द्रीय कार्यालय काठमाडौको प.स. ९ (५) ०७६/७७ च.न. २३ मिति २०७६/०८/१२ को सिफारीस पत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प.स.०७६/७७ च.न. ६० मिति २०७६/०८/१२ अनुसार यस मर्स्याङ्दी गाउँपालिकामा मिति २०७६/०८/१७ गते नेपाल प्रशासन सेवा,सामान्य प्रशासन समुह ,अधिकृतस्तर छैठौं पदमा नियुक्ती निरन्तर सेवा गर्दै आउनु भएका श्री अर्जुन चपाई (क.स.न. २३५४३८)लाई मिति २०७८/०१/१९ गते निर्णयानुसार विहादी गाउँपालिकाको कार्यालय पर्वतमा घरपायक पर्ने भएकोले सरुवा भई जान सहमती प्रदान गरिएको तथा यस गाउँपालिकाको प.स.२०७८/०७९ चं.नं ५५४ मिति २०७८/०८/०५ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हुदाँ उक्त सहमती कार्यान्यन नगरिदिनु हुन्न अनुरोध गरी पठाएकोमा उक्त सहमती कार्यान्यन नभएको तथा यस गाउँपालिकामा नेपाल प्रशासन सेवा,सामान्य प्रशासन समुह ,अधिकृतस्तर छैठौं पदमा कार्यारत अन्य कर्मचारी समेत नभएको हुदाँ नजिलाई रमना नदिने निर्णय गरियो ।